# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०८०/८१ को चौथो त्रैमासिक (वैशाखदेखि असारसम्म) को प्रगति विवरण

(PROACTIVE DISCLOSURE)




२०८१/०४/१५

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चौथो त्रैमासिक (वैशाखदेखि असारसम्म) को प्रगति विवरण

**विभागको परिचय:**

नेपाल सरकारको मिति २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गतेदेखि गठित राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत मिति २०७१।६।३० मा स्थापित पञ्जीकरण विभाग नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको गठन भएको हो। उपर्युक्त दुई स्वायत्त निकायका आ-आफ्ना कार्यजिम्मेवारीलाई गृह मन्त्रालय अन्तर्गत रहेर पूर्णरुपमा व्यवस्थापन गर्ने हेतुले यस विभागको स्थापना भयो।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्रभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र अन्तर्गत राष्ट्रिय परिचयपत्र व्यवस्थापनको कार्य, केन्द्रीय पञ्जीकरण विभाग अन्तर्गतका व्यक्तिगत घटना दर्ता व्यवस्थापन सम्वन्धी कार्य र सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्बन्धी कार्यहरु यस विभागका प्रमुख कार्यहरु रहेका छन। कार्य जिम्मेवारीका आधारमा विभागमा निम्न शाखाहरु रहेका छन:

१. राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
२. पञ्जीकरण शाखा
३. सामाजिक सुरक्षा शाखा

**कानूनी व्यवस्था:**

**१. नेपालको संविधान:**

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था धारा ५१ (च) (७) मा "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने भन्ने व्यवस्था रहेको।

**२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ (प्रस्तावना):**

प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने, व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने, एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो प्रणालीलाई राज्यबाट उपलब्ध सेवा सुविधा र राष्ट्रिय विकास योजना एवम् सुरक्षा व्यवस्थासँग आबद्ध गर्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

३. पन्ध्रौं योजनाः

पन्ध्रौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना **(Game Changer Program)** का रुपमा राखेको छ।

४. डिजिटल नेपाल फ्रेमवर्क, २०७६

डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

५. आ.व.२०८०/८१ को बजेट वक्तव्यः

**बुँदा नं. २८६:** चालु आ व बाट ६८ बर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई प्रदान गरिदै आएको मासिक ४ हजार रुपैंया भत्तालाई निरन्तरता दिइएको छ। ६० बर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालबालिकालाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ताको निरन्तरताको लागि बजेट विनियोजन गरिएको छ।

**बुँदा नं. २८९:** व्यक्तिगत घटना दर्तालाई वडास्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था मिलाइने छ। सामाजिक सुरक्षा सुचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैंक खातामा जाने व्यवस्था गरिनेछ।

**बुँदा नं. ४४१:** राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका सेवा सहज रुपमा उपलव्ध गराउन आवश्कता अनुसार दुई शिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहका लागि सञ्चालित विद्युतीय प्रणालीहरुबीच अन्तरआवद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ। विभिन्न सरकारी सेवाहरुको सूचना प्रणालीलाई नागरिक एपसँग आवद्ध गरिनेछ।

६. आ व २०८०/८१ को नीति तथा कार्यक्रमः

**बुँदा नं. १५९:** सबै वडा कार्यालयबाट अनलाईन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउनुका साथै विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना कार्य शुरु गरिनेछ।

**बुँदा नं. १६०:** राहदानी, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र तथा वैदेशिक अध्ययनका क्रममा आवश्यक पर्ने नो अब्जेक्सन लेटर लगायतका सेवाहरु समयमै सहजताका साथ उपलव्ध गराइनेछ।

**बुँदा नं. १६४:** राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा वितरणलाई अभियानको रुपमा सञ्चालन गरी स्थानीय तहबाटै वितरणको व्यवस्था मिलाइनेछ। एक बर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने अभियान सञ्चालन गरिनेछ। नागरिकको व्यक्तिगत जैविक विवरण एकपटक मात्र लिने र त्यस्तो विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

**बुँदा नं. १६५:** आगामी तीन वर्षभित्र जग्गाधनी प्रमाण पुर्जा, बैंक खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमतिपत्र जारी गर्दा अनिवार्य रुपमा राष्ट्रिय परिचय नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था गरिनेछ।

### ७. गृह प्रशासन सुधार योजना, २०७८

#### क) नीतिगत र कानूनी सुधार

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

#### ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

#### ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण

- १ वर्षभित्रमा O&M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

#### घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने।
- एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण र प्रणालीगत एकीकरण गरी राज्यबाट प्रवाह हुने अन्य सेवा सुविधालाई एकीकृत गर्ने।

#### ङ) सेवा प्रवाह र सुशासन

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।

- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने।
- राष्ट्रिय परिचयपत्रको उपयोगका लागि सरोकारवाला निकायहरुबीच अन्तर-आवद्धता प्रोटोकल तयार गर्ने।

**च) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSPMIS) लाई सुदृढीकरण गर्ने।

**छ) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युतीय प्रणालीलाई आवद्ध गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना



## हाल विद्यमान रहेको जनशक्ति विवरण, स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| क.सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | हाल कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा .प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | २ | ० | |
| ९ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | ३ | ० | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | असाधारण विदामा रहेको |
| १३ | हलुका सवारी चालक | श्रेणीविहिन | करार | | ५ | ५ | ० | |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | ८ | ९ | ० | |
| | | | | जम्मा | ४६ | ४६ | ० | |

## जनशक्ति विवरण : स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ

| क.सं. | पद | दरबन्दीको प्रकार | स्वीकृत दरबन्दी | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ३ | ३ | थप ३ जना काजमा |
| २ | नायब सुब्बा | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ५ | ५ | |
| ३ | कम्प्युटर इन्जिनियर | अस्थायी दरबन्दी (करार र स्थायी पूर्ति) | १५ | ८ | ७ जना रिक्त |
| ४ | कम्प्युटर टेक्निसियन | सेवा करार | १२ | १२ | |
| ५ | विवरण दर्ता अपरेटर | सेवा करार, दैनिक ज्यालादारी | १०६६ | ६५८ | केही अपरेटरहरु होल्डमा रहेका |
| ५.१ | विवरण दर्ता अपरेटर | अभियानमा खटिएका | | १०४ | |
| ५.२ | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयमा | | ४७२ | |
| ५.३ | विवरण दर्ता अपरेटर | विभाग, नारायणहिटी दरबार परिसर र काठमाडौं जिल्लाका विभिन्न स्थानीय तहमा खटिएका | | ८२ | |

नोटः सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को यही मिति २०८१ असार १७ तदनुसार 1st July, 2024 बाट समयावधि समाप्त भएकोले उक्त आयोजनामा कार्यरत कर्मचारीसँग भएको करार सम्झौता समेत स्वतः समाप्त भएको।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | नाम | पद | शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री दिल कुमार तामाङ | निर्देशक | पञ्जीकरण शाखा | ९८५१३००५२१ |
| २. | श्री पर्व प्रसाद सापकोटा | निर्देशक | प्रशासन, योजना अनुगमन तथा समन्वय शाखा | ९८५१३००५२२ |
| ३. | श्री शिवराज सेढाई | निर्देशक | सामाजिक सुरक्षा शाखा | ९८५१३००५१८ |
| ४. | श्री मुकेश कुमार केशरी | निर्देशक | राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | ९८५१३००५१९ |
| ५. | श्री सुभाष ढकाल | निर्देशक | सूचना प्रविधि शाखा | ९८५१३००५२० |

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने प्रमुख सेवाः

- नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन गर्ने,
- सामाजिक सुरक्षा भत्ता कार्यक्रम व्यवस्थापन गर्ने।

सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली २०७७ बमोजिम,
- सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६ बमोजिम।

निर्णय गर्ने प्रक्रिया र अधिकारीः सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

निर्णय उपर उजुरी सुन्ने अधिकारीः महानिर्देशक

चौथो त्रैमासिक (२०८१ वैशाखदेखि असारसम्म) मा सम्पादित कार्यहरुको विवरणः

१. राष्ट्रिय परिचयपत्र सम्बन्धी प्रगतिः

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

(क) राष्ट्रिय परिचयपत्रको विवरण संकलन र वितरण सम्बन्धीः

| विवरण | अनलाईन विवरण संकलन संख्या (जना) | विवरण दर्ता अभियान सम्पन्न जिल्ला (वटा) | कुल राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड ) वितरण भएको संख्या (जना) | राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड ) वितरण अभियान सञ्चालन भइरहेका जिल्ला (वटा) | | |
|---|---|---|---|---|---|---|
| | | | | | विवरण संकलन | कार्ड वितरण |
| २०८१ असार मसान्तसम्म | १,५१,६५,६४३ | ७३ | ८,६७,०५३ | ५ | अफलाईनमार्फत संकलित केही विवरण NIDMIS मा प्रवृष्ट हुन बाँकी। | ३,७१,६३८ अभियानमार्फत |
| २०८१ वैशाखमा मात्र | १,७१,८८२ | ६६ | | ४ | ४८,५८५ अफलाईन विवरण NIDMIS मा प्रवृष्ट हुन बाँकी। | १,२३,२६० |
| २०८१ जेष्ठमा मात्र | २,०२,४०६ | ७२ | | ४ | ४५,३९१ अफलाईन विवरण NIDMIS मा प्रवृष्ट हुन बाँकी। | १,४३,०११ |
| २०८१ असारमा मात्र | ३,५५,४२१ | ७३ | | ५ | २४,०१६ विवरण NIDMIS मा प्रवृष्ट हुन बाँकी। | १,६७,४७६ |

(क) विवरण संकलन अभियान सम्बन्धीः

- विवरण संकलन अभियान सम्पन्न जिल्लाः ७३
- विवरण संकलन अभियान सम्पन्न स्थानीय तहः ७२१
- विवरण संकलन अभियान सम्पन्न वडाः ६५०७
- जुम्ला जिल्लामा अभियान सञ्चालन भइरहेको।

(ख) वितरण अभियान सम्बन्धी:

- अभियान सञ्चालन भइरहेका जिल्ला: कञ्चनपुर, झापा, चितवन, काठमाण्डौ र मोरङ (५)
- हालसम्म अभियानबाट वितरण भएका कार्ड संख्या: ३,७१,६३८
- अभियान सम्पन्न स्थानीय तह: १७ वटा
- अभियान सम्पन्न वडा: १६७ वटा

(ग) हालसम्मको राष्ट्रिय परिचयपत्र छपाई तथा वितरण सम्बन्धी:

- राष्ट्रिय परिचयपत्र कार्ड छपाई: ४३ लाख २८ हजार ३ सय ७३
- राष्ट्रिय परिचयपत्र कार्ड वितरण: ८ लाख ६७ हजार ५३
- ७७ वटा जिल्ला प्रशासन कार्यालयहरुमा ३८ लाख २२ हजार ८ सय ८ कार्ड वितरणका लागि पठाइएको।

(घ) **सेवा आवद्धता सम्वन्धी:**

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८१।०२।२४ को निर्णयानुसार देहाय वमोजिमका सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको:

सेवाहरु: सामाजिक सुरक्षा सम्वन्धी, स्वास्थ्य बीमा सम्वन्धी, निवृत्तिभरण सम्वन्धी, राजश्व सम्वन्धी (व्यक्तिगत आयकर दर्ता), सवारी चालक अनुमतिपत्र सम्वन्धी, कम्पनी दर्ता तथा नवीकरण सम्वन्धी, वैंकिङ तथा वित्तीय सेवासम्वन्धी, टेलिफोन तथा सिमकार्ड सम्वन्धी, सामाजिक सुरक्षा कोष सम्वन्धी, घर जग्गा किनबेच सम्वन्धी।

अन्य:

- विवरण दर्ता गरी राष्ट्रिय परिचय नम्बर नपाएका ३ लाख भन्दा बढी व्यक्तिलाई थप रुजु गरी राष्ट्रिय परिचय नम्बर प्रदान गरिएको।
- हुलाक सेवा विभागसँग सम्बन्धित जिल्लाहरुमा परिचयपत्र ढुवानी गर्न सम्झौता गरी ढुवानीको कार्य भइरहेको।
- काठमाण्डौ जिल्लामा वढेको भिडभाड व्यवस्थापन गर्न नारायणहिटी संग्रहालय परिसरमा स्टेशन थप गरी ३२ वटा स्टेशन पुऱ्याई दैनिक १२०० जना भन्दा बढी सेवाग्राहीलाई सेवा दिने व्यवस्था मिलाईएको र सेवा प्रवाहमा सहजता ल्याउन टोकन प्रणाली समेत जडान गरिएको।
- यस विभागमा समेत सेवाग्राहीको चाप बढेकोले ज्येष्ठ नागरिक र अन्य व्यक्तिहरूको लागि ४ वटा स्टेशन थप गरिएको।
- सेवाग्राहीहरूको गुनासो सम्बोधन गर्नको लागि राष्ट्रिय परिचयपत्र सेवा व्यवस्थापन प्रणाली र Citizen Portal सञ्चालनमा रहेका।

- स्वास्थ्य बीमाका लागि राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा भएको विवरण प्रयोग गर्न तथा राष्ट्रिय परिचयपत्रलाई स्वास्थ्य बीमा परिचयपत्रको रुपमा प्रयोग गर्न स्वास्थ्य बीमा बोर्डको प्रणालीसँग सेवा आवद्धता गरिएको।
- स्थायी लेखा नं आवेदनकर्ताहरूको विवरण प्रमाणीकरण, बायोमेट्रिक भेरिफिकेशन, स्थाई लेखा नं आवेदन गर्दा परिचयपत्र प्रणालीका वैयक्तिक विवरणहरू प्रयोग गर्नको लागि आन्तरिक राजश्व विभागको प्रणालीसँग सेवा आवद्धताको परीक्षण भईरहेको।
- निवृत्तभरणका लाभग्राहीहरूको नवीकरण प्रयोजनका लागि राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा भएको सूचना प्रयोग गर्न र बायोमेट्रिक भेरिफिकेसन गर्नका लागि पेन्सन कार्यालयको सूचना प्रणालीसँग सेवा आवद्धताको परीक्षण भईरहेको।
- राष्ट्रिय परिचयपत्रमा भएको QR Code Scan गरेर सवारीचालक अनुमतिपत्रको विवरण हेर्न यातायात व्यवस्था विभागको सवारी चालक अनुमतिपत्र प्रणालीसँग सेवा आवद्धताको परीक्षण भईरहेको।

**NIDMIS प्रणालीसँग अन्य विद्युतीय सेवाको आवद्धता (Integration)**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग आन्तरिक राजश्व विभाग, स्वास्थ्य वीमा वोर्ड, यातायात व्यवस्था विभाग, कम्पनी रजिष्टारको कार्यालय, सामाजिक सुरक्षा कोष र निवृत्तभरण व्यवस्थापन कार्यालयको प्रणालीको सेवा आवद्धता परीक्षण भइरहेको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग अन्य निकायहरुको आवद्धताका लागि निरन्तर छलफल भइरहेको।

**(ख) व्यक्तिगत घटना दर्ता सम्बन्धमा सम्पादित प्रमुख कार्यहरुः**

- व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी मापदण्ड तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालय पठाइएको।
- व्यक्तिगत घटना दर्ताको विश्लेषणात्मक प्रतिवेदन, २०७६-२०७९ प्रकाशन गरिएको।
- व्यक्तिगत घटना दर्ताको Inequality Assessment को मस्यौदा तयार गरिएको।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

**व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणः**

| अनलाईन मार्फत २०८१ असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कुल विवरण (मिति २०८१।०४।०१ गते VERSPMIS प्रणालीबाट साभार) | | | | | | |
|---|---|---|---|---|---|---|
| अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद | बसाई सराई | कुल घटना दर्ता संख्या |
| ६७०७ | ३४९५५०१ | ९१३५६५ | १३८८३७६ | ७२३३६ | ७४९१८० | ६६१८९५८ |

| अनलाईन मार्फत वैशाख, जेष्ठ र असार महिनामा भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| महिना | अनलाईन घटना दर्ता गर्ने वडा संख्या | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद | बसाई सराई | कुल घटना दर्ता संख्या |
| वैशाख | ५ | ८१८४६ | १९२९३ | २७७०४ | २०९९ | ११८३६ | १४२७८७ |
| जेष्ठ | ६ | ६९६१७ | २०५९१ | २६८२९ | २३१४ | १४७२७ | १३४०७८ |
| असार | २ | ४६४५२ | १९३४९ | १७२४८ | १८५५ | १२५१० | ९७४१४ |

**VERSPMIS को अन्य विद्युतीय सेवासँग आवद्धता (Integration)**

- स्वास्थ्य मन्त्रालयको BRMS (Birth Registration Management System) र DRMS ( Death Registration Management System) सँग VERSPMIS System Integration भएको।
- अध्यागमन कार्यालय, त्रि.अ.वि को नेपाली पोर्टलसँग Service Integration भएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय किताबखाना (निजामती) सँग Service Integration भएको।
- कन्सुलर सेवा विभागसँग अन्तर आवद्धता भइ VERSPMIS प्रणालीबाट Verify गर्ने कार्य भइरहेको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग सेवा आवद्धता भई सेवा प्रवाह भइरहेको।

**(ख) सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सम्पादित प्रमुख कार्यहरुः**

- लाभग्राहीको Biometric Verification मार्फत पहिचान गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिएको।
- Biometric Verification सम्बन्धमा १५०६ जनालाई तालिम प्रदान गरिएको।
- सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको सूचीकरण तथा नवीकरण सम्बन्धी श्रव्य सामाग्री उत्पादन तथा प्रसारण गरिएको।
- नगद प्रवाहमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा वृत्तचित्र (Documentary) बनाइएको।
- GIS Portal निर्माण गरी विभागको वेभसाइटमा अपलोड गरिएको।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, काठमाडौं

**२०८१ असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्याः**
**(मिति २०८१।०४।०१ गते VERSPMIS प्रणालीबाट साभार)**

| क्र.सं. | लाभग्राहीको वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | १६५६१३१ | ४३.३७ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | १७४०० | ०.४६ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १६५२८० | ४.३३ |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | १९८८०९ | ५.२१ |
| ५ | विधवा | ३८७४८९ | १०.१५ |
| ६ | पूर्ण अपाङ्गता (क वर्ग) | ६८१९० | १.७९ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १४५८४२ | ३.८२ |
| ८ | लोपोन्मुख जाती | २२४३७ | ०.५९ |
| ९ | बालबालिका (दलित) | ३५८९२३ | ९.४० |
| १० | बालबालिका (क्षेत्र तोकिएको) | ७९७९९९ | २०.९० |
| ११ | लोपोन्मुख बालबालिका | ५ | ०.०० |
| कुल जम्मा | | ३८१८१०९ | १००% |

**हाल संचालनमा रहेका व्यवस्थापन सूचना प्रणालीः**

- NIDMIS ( National Identity Management Information System)
- Public Portal - Pre-Enrollment (NIDMIS)
- Citizen Portal
- VERSPMIS
- Public Portal - Notification (VERSPMIS)
- SSRPMIS
- GMS (Grievance Management System)
- Digitization System
- Archiving Application System,
- Progress Tracking System
- NIDSMS

**गुनासो व्यवस्थापनः**

- २०८१ असार मसान्तसम्ममा हेलो सरकार मार्फत प्राप्त ४२० वटा गुनासोहरु मध्ये ४१८ वटा फछ्र्यौट भएका।
- २०८१ असार महिनामा ३५ वटा गुनासो दर्ता भएका।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

## वित्तीय प्रगति

**ब उ शि नं. ३१४०१०११३।४ आव २०८०।८१ को असार मसान्तसम्मको खर्चको विवरण, खर्च प्रतिशत (रकम रु हजारमा)**

| बजेटको प्रकार | कुल बजेट | | | जम्मा खर्च | | | खर्च प्रतिशत | | कुल प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | आ.डि.ए | जम्मा | नेपाल सरकार | आ.डि.ए | जम्मा खर्च | नेपाल सरकार | आ.डि.ए. | |
| पुँजिगत | ४१८९००.०० | १२४७००.०० | ५४३६००.०० | ३४३३३२.९८ | २०२५.२३ | ३४५३५८.२१ | ८१.९६ | १.६२ | ६३.५३ |
| चालु | ३९८५४८.०० | १९३२००.०० | ५९१७४८.०० | २८००५१.५२ | ३३५४०.९० | ३१३५९२.४२ | ७०.२७ | १७.३६ | ५२.९९ |
| जम्मा | ८१७४४८.०० | ३१७९००.०० | ११३५३४८.०० | ६२३३८४.५१ | ३५५६६.१२ | ६५८९५०.६३ | ७६.२६ | ११.१९ | ५८.०४ |

### सूचना अधिकारी र प्रमुखको नाम र पदः

कार्यालय प्रमुखः महानिर्देशक, श्री युवराज कटेल, सम्पर्क नं. ०१-४२००८९५

सूचना अधिकारीः शाखा अधिकृत, श्री अम्विका खत्री, सम्पर्क नं. ९८५१३५७३६२

### ऐन, कानुन, नियम, कार्यविधि र निर्देशिकाको सूचीः

- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्र)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (पहिलो संशोधन),२०७७
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली (दोस्रो संशोधन),२०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ (पहिलो संशोधन अध्यादेश, २०७७) स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ (पहिलो संसोधन २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेभसाईट भए सोको विवरण: https://donidcr.gov.np

**Email: info@donidcr.gov.np**

कार्यालय सम्पर्क नं/ **Help Desk**: 014200014

सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषय: औपचारिक/अनौपचारिक रूपमा माग भएका विभागसँग सम्बन्धित सूचनाहरू निरन्तर रुपमा प्रवाह भइरहेको।

समाप्त